# निर्वाचन आयोग
# जिल्ला निर्वाचन कार्यालय,तनहुँ

निर्वाचन आयोग
जिल्ला निर्वाचन कार्यालय
तनहुँ
२०६१

प.सं. :- २०७९/८०
च.नं. :- ४१

मितिः- २०७९/०५/०८

व्यास नगरपालिका
तनहुँ
दर्ता नं ११०८
मिति ०७९।५।८

**विषयः- दाबी विरोध तथा अद्यावधिक प्रक्रियाको लागि मतदाता नामावली र सो सम्बन्धी सूचना प्रकाशन सम्बन्धमा ।**

श्री स्थानीय तह सबै (१०)
तनहुँ ।

प्रस्तुत विषयमा आगामी २०७९ मंसिर ४ गते हुने प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचनको लागि अन्तिम मतदाता नामावली तयार गर्न मिति २०७९/०५/१२ गते जिल्लाका सबै स्थानीय तहका वडा स्तरमा मतदाता नामावली प्रकाशन गरी मिति २०७९/०५/१२ देखि १८ गतेसम्म ***मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९*** संचालन हुन गइरहेको व्यहोरा अनुरोध छ । उक्त कार्यक्रम सन्दर्भमा मिति २०७९ मंसिर ३ गते सम्म १८ वर्ष पुरा हुने तहाँ स्थानीय तहको मतदाता नामावली तयार पारी यसै पत्रसाथ पठाइएको छ ।उक्त नामावली वडा कार्यालयसम्म पुऱ्याई यसैपत्र साथ संलग्न दाबी विरोध तथा अद्यावधिक सम्बन्धी सूचना र मतदाता नामावली वडा कार्यालयहरुमा मिति २०७९/०५/१२ गते प्रकाशन गर्ने ***(कार्यक्रम सम्बन्धी सूचना सूचना पाटीमा टाँस गर्ने र नामावली फाइलिङ गरी वडा बासी नागरिकहरुलाई हेर्न दिने र कार्यक्रम सम्पन्नपछि निर्वाचन कार्यालयमा फिर्ता गर्ने)*** व्यवस्था मिलाई सोको जानकारी यस कार्यालयलाई दिनु भै अन्तिम मतदाता नामावली तयार गर्ने कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

पुनश्चः मतदाताको मृत्यु भै मृत्यु दर्ता भैसकेका मतदाताहरुको नाम मतदाता नामावलीबाट हटाउने प्रयोजनका लागि देहायको ढाँचामा विवरण भरी स्थानीय पञ्जिकाधिकारीले प्रमाणित गरी मिति २०७९/०५/१५ भित्र पठाउन आवश्यक निर्देशनको लागि अनुरोध छ ।

**मृत्यु भएका मतदाताहरुको विवरण**

| सि.नं. | मतदाता नं. | मतदाताको नाम | जन्म मिति | ना.प्र.नं. | बाबु/आमाको नाम | पति/पत्निको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

(हरिप्रसाद ढकाल)
जिल्ला निर्वाचन अधिकारी
जिल्ला निर्वाचन अधिकारी

फोन नं. ०६५-५६३६४४, ०६५-५६०६५६४४
E-Mail : deo.tanahu@election.gov.np

**"फोटोसहितको मतदाता नामावलीमा नामदर्ता गरौ ।"**

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय ........तनहुँ

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

**मतदाता नामावली अद्यावधिक (दाबी बिरोध समेत) कार्यक्रम, २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

| क.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/०५/१२ | २०७९/०५/१२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) | २०७९/०५/१३ | २०७९/०५/१५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/०५/१३ | २०७९/०५/१६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/०५/१३ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/०५/१६ | २०७९/०५/१७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/०५/१७ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | कसं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/०५/१८ | २०७९/०५/१८ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/०५/१९ | २०७९/०५/१९ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | पमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

जिल्ला निर्वाचन अधिकारी